# बजेट वक्तव्य

## आर्थिक वर्ष २०८३।८४

## रघुगंगा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

मौवाफाँट, म्याग्दी

असार ४, २०८३

**गाउँसभा अध्यक्ष महोदय,**

**गाउँसभा सदस्यज्यूहरु ।**

१. नेपालको संविधानले स्थानीय सरकारको व्यवस्था गरेसँगै २०७४ सालदेखी सुरुवात भएको स्थानीय सरकारको आय र व्यय विवरण पेश गर्ने व्यवस्थालाई निरन्तरता दिँदै आगामी आर्थिक वर्ष २०८३।८४ को बजेट तथा कार्यक्रम यस गाउँपालिकाको २१औं गाउँ सभामा प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवको अनुभूती गरेको छु ।

२. यस अवसरमा संघीय लोकतान्त्रिक शासन व्यवस्था स्थापना, नागरिक हक र अधिकार, सामाजिक न्याय र समृद्ध नेपालका लागि विभिन्न आन्दोलनहरुमा शहादत प्राप्त गर्नुहुने सहिदहरुप्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु । साथै विभिन्न आन्दोलनहरुमा आहत तथा मर्माहत नागरिकहरू प्रति हार्दिक सम्मान तथा समानुभूती व्यक्त गर्न चाहन्छु ।

३. स्थानीय तहको दोस्रो निर्वाचनबाट हामीले यस गाउँपालिकामा निर्वाचित जनप्रतिनिधीको जिम्मेवारी ग्रहण गरेको पाचौं बर्षमा प्रवेश गरेको छ । यस अवधिमा गाउँपालिकाबासीहरु प्रति पूर्ण उत्तरदायी बनेर हामीले आम निर्वाचनका समयमा नागरिकहरु माझ गरेका विभिन्न वाचा तथा घोषणाहरुको समुचित सम्बोधन गर्ने कार्यमा हरक्षण खटिरहेका छौं । गाउँपालिकाबासीहरु बाट पाएको आत्मीय माया, सल्लाह, उचित सुझाव र सकारात्मक आलोचनाका लागि हार्दिक आभार एवम् कृतज्ञता व्यक्त गर्दछु ।

४. आगामी आर्थिक वर्ष २०८३।८४ को बजेट तर्जुमाका क्रममा टोल बस्तीस्तरीय भेला, स्थानीय राजश्व परामर्श समिति, विभिन्न विषयगत समितिहरु, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विभिन्न राजनैतिक दल, संघ-संस्था, विद्वतवर्ग, नागरिक समाजको आम धारणा र बदलिँदो परिवेश समेतलाई यस बजेटमा समेट्ने प्रयत्न गरेको छु ।

५. नेपालको संविधान, नेपाल सरकारका प्रचलित कानूनहरु, नेपालको दीर्घकालीन विकास लक्ष्य, सोह्रौं आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट, गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, आवधिक विकास योजना र बजेट, रघुगंगा गाउँपालिकाको दोस्रो आवधिक विकास योजना, स्थानीय राजनैतिक दलहरु, स्थानीय विज्ञ, नागरिक क्षेत्रका अगुवा, विषयगत समिति लगायत सरोकारवाला संघ-संस्थाहरुको सुझावलाई बजेट तर्जुमाको मार्गदर्शनको रुपमा लिएको छ । साथै यस गरिमामय सभामा गाउँपालिका अध्यक्षज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रमलाई प्रमुख आधार बनाएको छ ।

६. हामी निर्वाचित भई आएदेखी अन्तिम वर्षको बजेट कार्यान्वयन हुँदासम्म यस गाउँपालिकाको सम्पूर्ण आधारभूत ऐन, नियम, मापदण्ड तथा कानूनहरुको निर्माण, संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भई चुस्त दुरुस्त प्रशासनिक संरचनाको विकास, आधारभूत भौतिक संरचनाहरु गाउँपालिकाको केन्द्रिय प्रशासकीय भवन, वडा कार्यालयहरुका भवन, विभिन्न आमा समूह र लक्षित समूह तथा क्लवहरुका भवन, सबै टोलटोलमा पुग्ने सडक संरचना, सडक पुल निर्माण, नदी कटान नियन्त्रण तथा बाँध निर्माण, विद्यालय र स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाईका आधारभूत भौतिक संरचना निर्माण, खेलमैदान निर्माण तथा खेल क्षेत्रको उत्थान, सडक बत्ती र ढल निकास, पर्यटन प्रवर्द्धन, उद्यमशीलता र सीपमूलक तालिम, कृषि यान्त्रिकीकरण, पशु विकास प्रवर्द्धनका आधारभूत संरचनाहरुको निर्माण एवम् विकास, शीतगृह भण्डार र सिँचाईं संरचनाको विकास, खानेपानी, स्वच्छता तथा सरसफाई योजना र खानेपानीको आधारभूत भौतिक संरचना निर्माण, भूमी व्यवस्थापनको आधारभूत कार्य लगायतका सम्पूर्ण आधारभूत संरचनाहरु कार्यसम्पन्न भइसकेका हुनेछन् । जलविद्युत आयोजनाहरुबाट रोयल्टी प्राप्त हुन सुरु हुनेछ, जसले आन्तरिक राजश्वमा भारी मात्रामा वृद्धि भई आगामी निर्वाचनमा निर्वाचित जनप्रतिनिधीहरुलाई आधारभूत संरचनामा ठूलो परिमाणमा खर्च गर्नु नपर्ने कारण कृषि, उद्योग, पर्यटन, व्यापार

व्यवसाय, रोजगार, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, वातावरण संरक्षण तथा नागरिकको जीवनस्तरमा प्रत्यक्ष सुधार ल्याउने कार्यक्रमहरुमा पर्याप्त लगानीको लागि आधार सुनिश्चितता भइसकेको हुनेछ ।

**सभा अध्यक्षज्यू,**

७. आगामी आर्थिक वर्ष २०८३।८४ को बजेटका उद्देश्य तथा प्राथमिकता देहाय बमोजिम निर्धारण गरिएको छ ।

क. नागरिकका आधारभूत हक अधिकारको प्रत्याभूत गर्ने,

ख. संस्थागत सुशासन मार्फत नागरिक मैत्री सेवा प्रवाह गर्ने,

ग. गाउँपालिकाका आधारभूत भौतिक पूर्वाधार संरचनाहरु निर्माण सम्पन्न गर्ने,

घ. स्थानीय स्तरमा रोजगारी तथा आय श्रृजना गर्ने ।

८. न्यून आन्तरिक आय, प्राथमिकताका क्षेत्रमा पर्याप्त लगानी गर्न नसकिनु, सीमित स्रोत-साधनबाट बढ्दो जनअपेक्षा सम्बोधन गर्नु, इन्धनमा भएको मूल्यवृद्धिका कारण योजना कार्यान्वयनमा असहजता हुनु, जोखिमयुक्त र विकट भौगोलिक अवस्थाका कारण शिक्षा, स्वास्थ्य र पूर्वाधार विकास लगायतमा लागत उच्च रहनु, उपभोक्ता समितिको कमजोर निर्माण कार्यक्षमता प्रमुख चुनौतीका रूपमा रहेका छन् । कृषि, उद्योग तथा उद्यम विकासका लागि आवश्यक स्थानीय स्रोत-साधनको उपलब्धता, धार्मिक तथा साँस्कृतिक जीवन्तता, पर्यटन र प्राकृतिक सम्पदाको प्रचुर सम्भावना, नदीजन्य पदार्थको उपलब्धता, सञ्चालनको अन्तिम चरणमा रहेका जलविद्युत आयोजना र त्यसबाट प्राप्त हुने रोयल्टी, कर्मशील र सहयोगी जनता, विदेशमा रहनु भएका परोपकारी स्थानीय जनतालाई गाउँपालिकाको विकासको अवसरको रुपमा लिन सकिन्छ । यस बजेटको उद्देश्य माथी उल्लेखित अवसरलाई पूर्ण उपयोग गर्दै पालिकाको विकास र नागरिकको आशालाई सम्बोधन गर्नु रहेको छ ।

९. यस पालिकाको गत आर्थिक वर्ष २०८१।८२ को यथार्थ आय र व्ययको अवस्थालाई अनुसूची -१ मा संलग्न गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

**अब म चालु आर्थिक वर्ष २०८२।८३ को संशोधित बजेट कार्यान्वयनमा जेठ मसान्तसम्मको प्रगती प्रस्तुत गर्दछु ।**

१०. चालु आर्थिक वर्षमा आन्तरिक आय रु. १ करोड ५ लाख प्राप्त हुने संशोधित अनुमान रहेकोमा २०८३ जेठ मसान्तसम्म रु. १ करोड १ लाख ७५ हजार ९ सय १४ राजश्व सङ्कलन भएको छ भने गत आर्थिक वर्षको बैंक मौज्दात रु. ४ करोड २७ लाख २२ हजार ७ सय ९२ समेत गरी आन्तरिक स्रोतको बजेट रु. ५ करोड २८ लाख ९८ हजार ७ सय ६ प्राप्त भई रु. ४ करोड ३४ लाख १४ हजार २ सय १६ खर्च भएको छ । त्यसैगरी नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान तर्फ रु. ९ करोड २८ लाखको संशोधित बजेट स्विकृत भएकोमा जेठ मसान्तसम्म रु. ६ करोड ५३ लाख ५९ हजार ४० निकासा भई रु. ४ करोड ४५ लाख ३६ हजार २९ खर्च भएको छ । चालु आर्थिक वर्षको सशर्त अनुदान सङ्घीय सरकारतर्फ रु. २१ करोड ८८ लाख संशोधित बजेट प्राप्त भएकोमा जेठ मसान्तसम्म रु. २१ करोड ५७ लाख ४० हजार निकासा आम्दानी भई रु. १५ करोड १० लाख २६ हजार १ सय ३८ खर्च भएको छ । सङ्घीय राजस्व बाँडफाँडतर्फ रु. १० करोड २५ लाख ७३ हजार ८ सय २० को संशोधित बजेट स्विकृत भएकोमा रु. ८ करोड ६४ लाख ४८ हजार २ सय निकासा आम्दानी भई रु. ५ करोड १७ लाख ७२ हजार ९ सय ४८ खर्च भएको छ ।

११. त्यसैगरी गण्डकी प्रदेश सरकारको वित्तीय समानीकरण अनुदानतर्फ रु. १ करोड १ लाख ६७ हजार संशोधित बजेट स्विकृत भएकोमा जेठ मसान्तसम्म रु. ७६ लाख २५ हजार २ सय ५० निकासा प्राप्त भई रु. १५ लाख २७ हजार १७ खर्च

भएको छ । गण्डकी प्रदेश सरकारको समपुरक अनुदानतर्फ रु. ६० लाखको संशोधित बजेट स्विकृत भई जेठ मसान्तसम्म रु. ३८ लाख २७ हजार ४ सय १५ निकासा भई सोहिबमोजिम खर्च भएको छ । त्यस्तै गण्डकी प्रदेश विशेष अनुदान तर्फ रु. ४० लाख बजेट अनुमानमध्ये जेठ मसान्तसम्म रु. २० लाख निकासा प्राप्त भएको छ । गण्डकी प्रदेश सरकारको राजस्व बाँडफाँड तर्फ रु. १ करोड २ लाख ५९ हजारको राजश्व प्राप्त हुने संशोधित अनुमान गरिएकोमा जेठ मसान्तसम्म रु. ७७ लाख २६ हजार ७ सय ६६ निकासा आम्दानी भई रु. ३६ लाख १० हजार ८ सय ९० खर्च भएको छ ।

१२. यसरी चालु आ.व.को जेठ मसान्तसम्म रु. ४४ करोड २१ लाख ६६ हजार ७९ निकासा भई रु. २९ करोड ९७ लाख ७१ हजार ६ सय ६ खर्च भएको छ । जुन चालु आ.व.को चालु बजेटतर्फ ६३.८६ प्रतिशत र पूँजीगत बजेटतर्फ ४१.११ प्रतिशत वित्तीय प्रगती हासिल भएको छ भने समग्रमा चालु आ.व.को बजेटमा ५७.८१ प्रतिशत वित्तीय प्रगती हासिल भएको छ । जससँग सम्बन्धित विस्तृत विवरण अनुसूची -२ मा उल्लेख गरेको छु ।

१३. सामाजिक सुरक्षा भत्ता तर्फ रु. 10 करोड 88 लाख 38 हजार बजेटमध्ये तेस्रो त्रैमासिकसम्म रु. ८ करोड ६८ लाख ४७ हजार ६ सय ९७ निकासा भई लाभग्राहिहरुलाई वितरण गरिसकिएको छ भने चौंथो त्रैमासिक रकम निकासाको अन्तिम चरणमा पुगेको छ ।

**अब म आगामी आर्थिक वर्ष २०८३।८४ को क्षेत्रगत र विषयगत रुपमा विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु ।**

**<u>आर्थिक विकास</u>**

**कृषि**

१४. पालिकाभित्रका प्रत्येक वडामा उत्पादन हुने प्रमुख कृषिबालीको पहिचान गरी ठूलो परिमाणमा कृषि उत्पादन गर्न **"एक वडा एक उत्पादन कार्यक्रम"** सञ्चालन गरिनेछ । जसका लागि रु. १६ लाख विनियोजन गरेको छु ।

१५. गाउँपालिकाभित्र रहेका कोल्डस्टोर सञ्चालनका लागि विद्युत महसुलमा ५० प्रतिशत अनुदान दिने व्यवस्था मिलाएको छु ।

१६. माटोको उर्वरा शक्ति बढाई कृषि उत्पादनमा वृद्धि गर्न **"माटो स्वास्थ्य सुधार कार्यक्रम"** अन्तर्गत माटोको गुणस्तर जाँच, माटो स्वास्थ्य कार्ड वितरण, जैविक मलको प्रयोग र उचित बाली व्यवस्थापन र परामर्श लगायतका कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यक्रमका लागि रु. ७ लाख बजेटको व्यवस्था गरेको छु ।

१७. गाइवस्तुको ट्रेविज तथा डिपिङ्ग ट्याङ्क निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१८. स्थलगत सेवाटेवा सहितको कृषि तालिम र मौसमी तथा बेमौसमी तरकारीको बीउ वितरण कार्यक्रमलाई निरन्तरता दिएको छु ।

१९. बदलिँदो जलवायु परिवर्तनका कारण लोप हुन लागेका परम्परागत रैथाने बालीको संरक्षण गर्न, आनुवंशिक स्रोत (Genetic Resource) जोगाउन र उत्पादन वृद्धि गर्न **"रैथाने बाली उत्पादन प्रवर्द्धन तथा बजारीकरण कार्यक्रम"** सञ्चालन गरिनेछ ।

२०. स्थानीय स्तरमा कृषि आत्मनिर्भरता हासिल गर्न, रोजगारी तथा उद्यमशिलता विकास गर्न, रैथाने र उन्नत जातको बीउ संरक्षण र विस्तार गर्न, गुणस्तरीय बीउको उपलब्धता बढाउन स्थानीय कृषकहरुलाई बीउ उत्पादन, प्रशोधन, भण्डारण, प्रमाणीकरण तथा बजारीकरण सम्बन्धी ज्ञान सीप प्रदान गर्न **"बीउ उत्पादन व्यावसायिक तालिम"** सञ्चालन गरिनेछ ।

२१. रघुगंगा गाउँपालिका वडा नं. ८ मा रहेको कुइने खानी गाउँलाई **"अर्गानीक गाउँ घोषणा"** गरी प्राङ्गारिक मलमा शतप्रतिशत अनुदान दिने व्यवस्था गरेको छु ।

२२. गाउँपालिका भित्रको कृषि उत्पादनको वास्तविक मापन गर्न, उन्नत प्रविधिको प्रभाव मूल्याङ्कन गर्न र आगामी दिनमा कृषि विकास योजना तथा बजेट निर्माणमा आवश्यक तथ्याङ्क उपलब्ध गराउन **"क्रप कटिङ्ग कार्यक्रम"** सञ्चालन गरिनेछ ।

**कृषि विकासका लागि जम्मा रु. ५५ लाख ७५ हजार विनियोजन गरेको छु ।**

## पशुपंक्षी विकास

२३. पशुपंक्षीमा लाग्ने रोग नियन्त्रणका लागि आवश्यक **"आधारभूत औषधि तथा औषधिजन्य सामग्री"** सबै वडाका पशु सेवा केन्द्र मार्फत निरन्तर रुपमा वितरण गर्ने कार्यलाई निरन्तरता दिएको छु । यसका लागि रु. १५ लाख विनियोजन गरेको छु।

२४. भेडा र बाख्राको उत्पादकत्त्व अभिवृद्धि गर्न **"घुम्ती गोठका भेडा र बाख्रामा आन्तरिक तथा बाह्य परजीविजन्य रोगहरुको नियन्त्रण"**का लागि औषधि वितरण गर्ने कार्यलाई निरन्तरता दिन रु. ५ लाख विनियोजन गरेको छु ।

२५. उन्नत जातको पशु पालनलाई विस्तार गर्न, दुध तथा मासुको उत्पादनमा वृद्धि गरी स्थानीय आयआर्जनमा वृद्धि गर्न **"कृत्रिम गर्भाधान मिसन"** (पशु नश्ल सुधार) कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२६. संघीय सरकारबाट पशु बीमा कार्यक्रम सञ्चालन भएको सन्दर्भमा यस पालिका भित्रका **"पशुपालक कृषकलाई पशु बीमा बारे जनचेतना कार्यक्रम"** सञ्चालन गरिनेछ, सो कार्यक्रमबाट पशु बीमामा आकर्षण, पशुपालनको लगानी सुरक्षा, व्यावसायिक पशुपालनमा प्रोत्साहन र बीमा दाबी प्रक्रियामा सहजता हुनेछ ।

२७. पशुपन्छीमा हुने रोगको पहिचान र निदानका लागि **"पशुपन्छी रोग नमुना सङ्कलन, प्रेषण र परीक्षण"** कार्यका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

२८. स्थानीय परम्परागत रैथाने पशुपन्छीको संरक्षण र संवर्द्धन गर्न, आनुवांशिक स्रोत (Genetic Resource) जोगाउन "**<u>रैथाने पशुपन्छी पालन प्रवर्द्धन कार्यक्रम</u>**" सञ्चालन गरिनेछ, जसका लागि रु. ५ लाख ९० हजार बजेट व्यवस्था गरेको छु ।

२९. स्थानीय जनताको प्रमुख आयआर्जनको रुपमा रहेको पशु पालनमा सुधार ल्याई उत्पादन र आय आर्जनमा वृद्धि गर्न उच्च भौगोलिक क्षेत्रमा रहेका भेडि गोठ, चौंरी गोठ लगायत पशु गोठ सुधारमा ५० प्रतिशत अनुदानका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३०. उत्कृष्ट कृषक पुरस्कार घोषणा कार्यक्रमलाई निरन्तरता दिएको छु ।

**पशुपन्छी विकासका लागि जम्मा रु. ४२ लाख २ हजार ७ सय विनियोजन गरेको छु ।**

**रोजगार प्रवर्द्धन**

३१. उत्पादन र उद्यमशिलता मार्फत रोगजारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूती, सीप विकास, उद्यमशिलता प्रवर्द्धन र पुनः एकिकरण क्रियाकलाप सञ्चालन सम्बन्धी "**<u>राष्ट्रिय रोजगार कार्यक्रम</u>**" का लागि रु. २० लाख ९४ हजार विनियोजन गरेको छु।

३२. डिजिटल श्रम तथा रोजगार सेवा सम्बन्धी सरोकारवाला अभिमूखिकरण तथा प्रवर्द्धन कार्यक्रम, श्रमको सम्मान र राष्ट्रको अभियान सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

३३. वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको तथ्याङ्क सङ्कलन सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिएको छु ।

**रोजगार प्रवर्द्धन कार्यक्रमका लागि जम्मा रु. २८ लाख ९७ हजार विनियोजन गरेको छु ।**

**उद्यम**

३४. "**<u>उपाध्यक्ष उद्यमशिलता प्रोत्साहन कार्यक्रम</u>**"का लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

३५. उद्यमीको स्तरोन्नती गर्न आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम सञ्चालन गरिनेछ ।

३६. सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समूहमा **"प्रविधि हस्तान्तरण"** गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु ।

**उद्यमशिलता प्रवर्द्धन कार्यक्रमका लागि जम्मा रु. १४ लाख विनियोजन गरेको छु ।**

**सहकारी तथा पर्यटन**

३७. सहकारी संस्थाहरुको उचित प्रवर्द्धन र नियमन गर्न सहकारी संघ, विषयगत सहकारी संघ र प्रारम्भिक सहकारी संस्था समेतको लागत साझेदारीमा **"सहकारी प्रवर्द्धन कार्यक्रम"** सञ्चालन गरिनेछ ।

३८. पालिका भित्रका प्राकृतिक, धार्मिक, साँस्कृतिक र ऐतिहासिक सम्पदा समेटेर तयार हुने वृत्तचित्र मार्फत प्रचार प्रसार गर्न र पर्यटन प्रवर्द्धनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३९. यस पालिकाको प्रमुख पर्यटकीय गन्तव्यको रुपमा रहेको धवलागिरी आइसफल पर्यटन पदमार्गमा रुट चिनाउने साङ्केतिक चिह्न राख्ने कार्यक्रमको लागि रु. ५ लाख विनियोजन गरेको छु ।

४०. पर्यटकीय एवम् पवित्र धार्मिक क्षेत्र **"रिखार बगरखर्कमा मन्दिर पुनः निर्माण"**का लागि रु. ५ लाख विनियोजन गरेको छु । रिखार क्षेत्रको व्यापक प्रचार प्रसारका लागि आवश्यक व्यवस्था गरेको छु ।

४१. स्थानीय कला, भाषा, सँस्कृति र पुरातात्त्विक सम्पदाको अद्यावधिक अभिलेख राख्ने कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४२. आन्तरिक एवम् बाह्य पर्यटकको सुविधाको लागि **"चिमखोला देखी सोवाङ्ग धुरी जोड्ने पर्यटन पदमार्ग"** निर्माणका लागि रु. ९ लाख विनियोजन गरेको छु ।

४३. आन्तरिक एवम् बाह्य पर्यटक भित्र्याउन सोवाङ्ग धुरीमा **"पर्यटन प्रवर्द्धन भेला"** सञ्चालन गरिनेछ ।

**सहकारी तथा पर्यटन विकास कार्यक्रमका लागि जम्मा रु. २६ लाख विनियोजन गरेको छु ।**

**गाउँसभा अध्यक्ष महोदय,**

**सामाजिक विकास**

**शिक्षा**

४४. यस वर्ष निर्माण गरिएको कक्षा १ देखी कक्षा ३ सम्मको स्थानीय पाठ्यपुस्तक छपाईलाई निरन्तरता दिई आगामी वर्ष कक्षा ४ र कक्षा ५ को **"स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण"** गरिनेछ । सो कार्यका लागि रु. ८ लाख विनियोजन गरेको छु ।

४५. विद्यार्थी प्रतिभा पहिचान, उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थी प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिएको छु ।

४६. विद्यालय शिक्षक तथा कर्मचारीहरुको क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

४७. सामुदायिक विद्यालयका विद्यार्थीहरुको दिवा खाजालाई निरन्तरता दिइने छ ।

४८. विद्यालयको भौतिक संरचना सुधार, कम्प्युटर तथा विद्युतीय सामग्री मर्मतको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४९. विद्यालयहरुमा विद्युतीय हाजिरीको व्यवस्थाका लागि रु. १० लाख विनियोजन गरेको छु ।

५०. विद्यालयको भौतिक पूर्वाधार सर्वेक्षण गरी विस्तृत प्रतिवेदन तयार गर्नका लागि रु. ११ लाख ५२ हजार बजेटको व्यवस्था गरिएको छ ।

५१. स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा **"विद्यालय पूर्वाधार विकास"**का लागि रु. ३० लाख बजेटको व्यवस्था गरिएको छ ।

५२. सार्वजनिक विद्यालयमा छात्राहरुलाई **"निःशुल्क स्यानिटरी प्याड वितरण"** गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

५३. सामुदायिक विद्यालयहरुका लागि प्रदान गरिँदै आएको विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान र **"प्रधानाध्यापक प्रोत्साहन भत्ता"**लाई निरन्तरता दिएको छु ।

५४. शैक्षिक पहुँच विस्तारका लागि सामुदायिक सिकाइ केन्द्र मार्फत साक्षरता शिक्षा, निरन्तर शिक्षा र सिपमूलक कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

५५. विद्यालय सिकाईलाई गुणस्तरीय र प्रभावकारी बनाउन विद्यालयहरुमा शैक्षिक सामग्री व्यवस्थापन गरिनेछ ।

५६. विद्यालयहरुमा दिँदै आइएको अनुदानहरुलाई निरन्तरता दिइएको छ ।

**शिक्षा कार्यक्रमका लागि जम्मा रु. १८ करोड ८२ लाख विनियोजन गरेको छु ।**

## युवा तथा खेलकुद

५७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल जगतमा प्रतिष्ठित र पहिचान बनाएका यस पालिकाभित्रका खेलाडीलाई सम्मान गरिनेछ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

५८. **"राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिता"** सञ्चालनका लागि रु. १५ लाख विनियोजन गरेको छु ।

५९. जिल्ला भलिबल संघ म्याग्दीको कभर्डहल निर्माणका लागि सहयोग गर्न बजेटको व्यवस्था गरेको छु ।

६०. खेल क्षेत्रको विकासका लागि विभिन्न खेलकुद कार्यक्रमहरु सञ्चालन गरिनेछ साथै खेलसँग आवद्ध संस्थाहरुका लागि आवश्यक सहायता उपलब्ध गराइनेछ । जसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६१. झीँखानी स्पोर्टस् युवा क्लवको भवन निर्माणको बाँकी काम सम्पन्न गर्न रु. ७ लाख विनियोजन गरेको छु ।

६२. दिपशिखा युवा क्लव, दर्मिजा र एकता युवा क्लव, दग्नामको खेलमैदान निर्माण गर्न रु. १० लाख विनियोजन गरेको छु ।

६३. वडा नं. २ भगवती युवा क्लव स्टेज निर्माणका लागि रु. २५ लाख र वडा नं. ८ पात्लेखर्क स्टेज निर्माणका लागि रु. ७ लाख विनियोजन गरेको छु ।

६४. युवाहरुलाई पालिकाभित्रको विकास व्यवस्थापन, विपद् व्यवस्थापन, फोहोरमैला व्यवस्थापन लगायतका क्षेत्रमा परिचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

**युवा तथा खेलकुद कार्यक्रमका लागि जम्मा रु. ९४ लाख विनियोजन गरेको छु ।**

**आदरणीय सभा अध्यक्ष महोदय,**

**स्वास्थ्य तथा आयुर्वेद**

६५. अध्यक्षसँग ज्येष्ठ नागरिक सरुवा रोग नियन्त्र, नसर्ने रोगको स्क्रिनिङ तथा व्यवस्थापन एवम् मनोसामाजिक परामर्श सेवा सञ्चालनका लागि घरघरमा स्वास्थ्यकर्मी परिचालन कार्यक्रम सञ्चालनका लागि रु. ५ लाख विनियोजन गरेको छु ।

६६. उपाध्यक्ष उपहार कार्यक्रम **"सुत्केरी महिलाहरुका लागि स्वास्थ्यकर्मी सहित उपाध्यक्ष उपहार कार्यक्रम 'पोषिलो खाना, कोशेली झोला"** कार्यक्रमलाई निरन्तरता दिएको छु ।

६७. मानसिक स्वास्थ्य समस्या तथा नसर्ने रोगहरुको स्क्रिनिङ्ग तथा जनचेतना कार्यक्रमका लागि १ महिने अभियान सञ्चालन गर्न रु. ३ लाख ६० हजार विनियोजन गरेको छु ।

६८. **"आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि निःशुल्क औषधी वितरण"** गर्न रु. २५ लाख ८७ हजार विनियोजन गरेको छु ।

६९. महिलाहरुमा प्रजनन् स्वास्थ्य रुग्णता (पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, अव्सट्रेटिक फिस्टुला र आङ खस्ने समस्या) को स्क्रिनिङ्ग तथा व्यवस्थापन सम्बन्धी **"निःशुल्क स्वास्थ्य शिविर"** सञ्चालन गर्न रु. ४ लाख विनियोजन गरेको छु ।

७०. पोषण कार्यक्रमलाई निरन्तरता दिइएको छ । यसका लागि रु. ४ लाख ९६ हजार बजेट व्यवस्था गरिएको छ ।

७१. खोप कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरी नियमित खोप सुदृढीकरण, अनुगमन, पूर्ण खोप सुनिश्चितता र दिगोपना, वडा/पालिका घोषणा कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

७२. महिला स्वास्थ्य स्वयंसेविकाहरुको निःशुल्क **"स्वास्थ्य बीमा कार्यक्रम"** लाई निरन्तरता दिएको छु ।

७३. क्षयरोग खोजपड्ताल कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

७४. स्वास्थ्य चौकीबाट प्रवाह हुने सेवाहरुको गुणस्तरीयता वृद्धि गर्न न्यूनतम सेवा मापदण्ड कार्यक्रम सञ्चालनका लागि आवश्यक प्रबन्ध मिलाएको छु ।

७५. घरमा हुने सुत्केरी घटाई शुन्य होम डेलिभरी पालिकाको लागि पूर्ण संस्थागत सुत्केरी अभियान सञ्चालन गरिनेछ यस अन्तर्गत संस्थागत **"सुत्केरी प्रोत्साहन भत्ता"**को लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

७६. स्वास्थ्य संस्थाको भौतिक संरचना, संस्थागत संरचना सुधारका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

७७. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यासर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई औषधि उपचार खर्च बापत मासिक रु ५ हजार दरले उपलब्ध गराइने रकमलाई निरन्तरता दिइनेछ ।

७८. महिला स्वास्थ्य स्वयंसेविकाहरुको सेवा विस्तारका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्न रु. ३ लाख विनियोजन गरेको छु ।

७९. ८ वटै वडामा आयुर्वेद स्वास्थ्य, योग, ध्यान तथा नागरिक आरोग्य कार्यक्रम सञ्चालन गर्न रु. १९ लाख विनियोजन गरेको छु ।

**स्वास्थ्य तथा आयुर्वेद कार्यक्रमका लागि जम्मा रु. ६ करोड ४७ लाख २० हजार विनियोजन गरेको छु ।**

**सामाजिक सुरक्षा**

८०. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको पहिचान तथा नवीकरणमा सहजता र पारदर्शी बनाउन राष्ट्रिय परिचय नम्बरको माध्यमबाट बायोमेट्रिक भेरिफिकेसन गर्ने उद्देश्यले आखाँको माध्यमबाट स्क्यान गर्नको लागि आई स्क्यानर डिभाइसको व्यवस्थाका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८१. जनप्रतिनिधी र स्थानीय पञ्जीकाधिकारी तथा समुदायमा व्यक्तिगत घटना दर्ता सम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

८२. पोषण भत्ता सम्बन्धी अभिभावकलाई **"सचेतना कार्यक्रम"** सञ्चालन गरिनेछ ।

८३. सबै वडाहरुमा त्रैमासिक रुपमा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु ।

**सामाजिक सुरक्षा कार्यक्रमका लागि जम्मा रु. १७ लाख विनियोजन गरेको छु ।**

**लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण**

८४. गाउँपालिकाबाट सञ्चालन हुँदै आएको **"छोरी पेवा बचत कार्यक्रम"**लाई निरन्तरता दिएको छु ।

८५. **"उपाध्यक्ष महिला सशक्तिकरण तथा नेतृत्व विकास कार्यक्रम"**का लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

८६. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभव आदान प्रदान तथा पुस्तान्तरण कार्यक्रमका लागि आवश्यक बजेट छुटयाएको छु ।

८७. **"अपाङ्गता लक्षित"** र **"दलित लक्षित कार्यक्रम"** लाई निरन्तरता दिंदै कार्यक्रम सञ्चालनका लागि रु. १२ लाख विनियोजन गरेको छु ।

८८. स्थानीय मातृभाषाको संरक्षण र संवर्द्धन गर्न **"खाम भाषा प्रवर्द्धन कार्यक्रम"**का लागि रु. ८ लाख विनियोजन गरेको छु ।

८९. **"बालापनको रक्षा, भविष्यको सुरक्षा"** कार्यक्रमका लागि रु. ७ लाख बजेटको व्यवस्था गरिएको छ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण कार्यक्रमका लागि जम्मा रु. ३४ लाख ५० हजार विनियोजन गरेको छु ।**

**सभा अध्यक्ष महोदय,**

**<u>पूर्वधार विकास</u>**

**भवन तथा बस्ती विकास र सडक तथा पुल**

९०. गाउँपालिकाको केन्द्रिय "**<u>प्रशासकीय भवनको निर्माण</u>**"को लागि रु. ७ करोड ६९ लाखको ठेक्का आह्वान भई कार्यदेश दिइसकिएको छ । सो निर्माण कार्यका लागि गण्डकी प्रदेश सरकारबाट प्राप्त बजेट रकम सहित रु.५ करोड विनियोजन गरेको छु।

९१. गाउँपालिकाको केन्द्रिय प्रशासकीय भवन परिसरमा पार्क निर्माण, बगैंचा निर्माण, वाटर फाउण्टेन निर्माणका लागि रु. ३० लाख विनियोजन गरेको छु ।

९२. **<u>"झीं सामुदायिक विकास केन्द्रको भवन निर्माण"</u>**का लागि ठेक्का आह्वान भई निर्माण कार्य भइरहेको छ, बाँकी निर्माण कार्यका लागि रु. ५५ लाख विनियोजन गरेको छु।

९३. **<u>"वडा नं. ४ वडा कार्यालयको भवन निर्माण</u>**"का लागि रु. ४८ लाख विनियोजन गरेको छु ।

९४. वडा नं. ३, पिप्लेमा हाल तालिम केन्द्रको रुपमा सञ्चालनमा रहेको भवनलाई वडा नं. ३ वडा कार्यालयको भवनको रुपमा प्रयोग गरिनेछ । उक्त भवनको भौतिक संरचनात्मक सुधारका लागि रु. १० लाख विनियोजन गरेको छु ।

९५. पालिकाभित्रको शान्ति सुरक्षाको लागि वडा नं. १ तिप्ल्याङमा सडक बत्ती र गाउँपालिकाको केन्द्र रहेको मौवाफाँट क्षेत्रमा सिसिटिभि क्यामेरा जडानका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

९६. राखु भगवती कोत मन्दिर परिसरमा स्लेट ढुङ्गा छपाउने र सत्तल निर्माण योजनाका लागि रु. १० लाख विनियोजन गरेको छु ।

९७. वडा नं. १ मा **"धौलेश्वर साम्ब सदाशिव महादेव मन्दिर हवनकुण्ड निर्माण"**का लागि रु. ७ लाख २० हजार विनियोजन गरेको छु ।

९८. निर्मित भवन, सार्वजनिक सम्पत्ती, विद्यालय तथा स्वास्थ्य संस्थाहरुको भौतिक संरचना सुधारका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९९. मंगले गाउँ संरक्षण र ढल व्यवस्थापन, चिमखोला गाउँ संरक्षण र ढल व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१००. गाउँपालिका अन्तर्गतका सबै वडाका सडकलाई निर्वाध रुपमा सबै महिनामा सञ्चालनमा ल्याउन र वर्षायाममा बिग्रेको बाटो मर्मत तथा सम्भार गर्ने गरी नियमित सडक मर्मत, सम्भार तथा सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

१०१. रघुगंगा गाउँपालिका वडा नं. २ राखु वेग सडक स्तरोन्नतीका लागि ३ करोड विनियोजन गरेको छु ।

१०२. कालाबाङ्ग ठाडाखानी मोटरेवल पुल निर्माणका लागि रु. १ करोड १४ लाख ३० हजार विनियोजन गरेको छु ।

१०३. कोटगाउँ झाँक्रि खोलामा सडक पुल निर्माण गर्नका लागि रु. २५ लाख विनियोजन गरेको छु ।

१०४. बेगखोला देउराली हरित कृषि सडक मर्मत तथा स्तरोन्नती योजनाका लागि रु. ९ लाख ८० हजार विनियोजन गरेको छु ।

१०५. पातिकाल्ना कोसेपानी महतारे मोटरबाटो स्तरोन्नती तथा मर्मतका लागि रु. १० लाख विनियोजन गरेको छु ।

१०६. रायखोर मुलपानी गाउँ गोरेटोबाटो निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१०७. दुलेपानी दलित बस्ती ढलान, सार्कीबारीदेखी थजाली गाउँ गोरेटोबाटो निर्माण, बाँदुक गाउँ गोरेटोबाटो निर्माण, दग्नाम माझीगाउँ गोरेटोबाटो निर्माण, सिनाक कालमोडा

गोरेटोबाटो निर्माण, बुक्ल मोटरबाटो निर्माणका लागि रु. २३ लाख विनियोजन गरेको छु ।

१०८. ठूलोगाउँ-बेगखोला पदमार्ग निर्माण, तिप्ल्याङ बाँदुक पुन भिसी सडक स्तरोन्नती, तिप्ल्याङ शिवालय मन्दिर भवन निर्माण र तामखुमारी तथा सिरुवारी गोरेटोबाटो निर्माणका लागि रु. २४ लाख विनियोजन गरेको छु ।

१०९. साझापानी अन्तर्गतका गोरेटोबाटो निर्माण, रोटेपानी आँटीघर मोटर बाटो निर्माण, ठूलाथर घर्तिश्वारा अधेरीखोला गोरेटोबाटो निर्माण र रुइसेटोल खानेपानी, ढल तथा अन्नपूर्ण आ.वि. घेराबार निर्माणका लागि रु. २६ लाख १९ हजार विनियोजन गरेको छु ।

११०. फुलबारी मोटरबाटो स्तरोन्नती, तालिम केन्द्र देखी माथी पिप्लेसम्म गोरेटोबाटो निर्माण, स्वामीबोट तथा ठूलोढूङ्गा गोरेटोबाटो तथा ढल निकास, गैरी गाउँ डुनेपानी मोटरबाटो तथा गोरेटोबाटो निर्माण, दुलेपानी चौतारा मुनि ढल निकास तथा गोरेटोबाटो निर्माण, मालिका मोटरबाटो तथा गोरेटोबाटो निर्माण, काप्रा मसिना मौवाफाँट गोरेटोबाटो, ज्ञानोदय मा.वि. भौतिक संरचना सुधार कार्यक्रम, रघुगंगा मा.वि. भौतिक संरचना सुधार कार्यक्रम, अमरसिंह आ.वि., मालिका देवी आ.वि. तथा हिमालयन आ.वि.को भौतिक संरचना सुधार र पिप्ले स्वास्थ्य चौकीको भौतिक संरचना सुधार कार्यक्रमका लागि रु. ३० लाख विनियोजन गरेको छु ।

१११. रायखोर गोरेटोबाटो निर्माण योजना, मालिका आ.वि. घेराबार तथा ढल निर्माण योजना, बुजेक आमा समूह घेराबार निर्माण योजना, रिगिड पाङतुङ गोरेटोबाटो तथा रेलिङ निर्माण योजना, वडा कार्यालय, कृषि, भेटेरीनरी र स्वास्थ्य चौकी विविध मर्मत सम्भार, जिल्ला भलिबल संघ कबर्ड हल निर्माण र पुतुपुत सडक निर्माण योजनाका लागि रु. २७ लाख विनियोजन गरेको छु ।

११२. धमाखु परिसर ढलान, सिर्तुङ सडक स्तरोन्नती र नामिला खारा डाँडा सडक स्तरोन्नतीका लागि रु. २५ लाख विनियोजन गरेको छु ।

११३. घ्यासीखर्क चौरखानी ठाडाखानी कुइनेखानी मोटरबाटो स्तरोन्नती, घ्यासीखर्क दुवाडी पात्लेखर्क मोटरबाटो स्तरोन्नती र दुलेखर्क मंगलेखानी मोटरबाटो स्तरोन्नतीका लागि रु. २२ लाख विनियोजन गरेको छु ।

**भवन तथा बस्ती विकास र सडक तथा पुल पूर्वाधार निर्माणका लागि जम्मा रु. १४ करोड ८४ लाख ७४ हजार विनियोजन गरेको छु ।**

**खानेपानी तथा सरसफाई**

११४. स्थानीयको स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी प्राप्त गर्ने हकको कार्यान्वयन गर्न **"खानेपानी गुणस्तर परीक्षण अभियान"** सञ्चालन गरिनेछ ।

११५. फोहोरमैला तथा शव व्यवस्थापन, छाडा गाईवस्तु तथा मृत जनावर व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

११६. माझखर्क खोला बतासे बस्ती, तिप्ल्याङ बजार खानेपानी निर्माणका लागि करिब ४० लाख बजेट व्यवस्था गरिएको छ ।

११७. बृहत घोप्टेखोला खानेपानी लागत सहयोग कार्यक्रमको लागि रु. १३ लाख विनियोजन गरेको छु ।

११८. घुमाउनेताल बस्तीमा रेडक्रससँगको साझेदारीमा खानेपानी आयोजना निर्माण गर्न रु. ७ लाख विनियोजन गरेको छु ।

**खानेपानी तथा सरसफाईका लागि जम्मा रु. ७२ लाख ९८ हजार विनियोजन गरेको छु।**

**सभा अध्यक्षज्यू,**

सुशासन तथा संस्थागत विकास

**सार्वजनिक सेवा प्रवाह**

११९. कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई चुस्त, दुरुस्त, मितव्ययी, पारदर्शी र निष्पक्ष बनाई सेवाप्रवाहमा सर्वसाधारणको सरल पहुँच सुनिश्चित गर्न दर्ता, चलानी तथा

चिठ्ठीपत्र र सिफारिस लगायतका कार्यहरु अनलाइन प्रणाली मार्फत गर्ने व्यवस्था मिलाइनेछ ।

१२०. यस आर्थिक वर्षमा वडा नं. ३ पिप्लेमा सञ्चालनमा ल्याइएको **"टोकन प्रणाली"**लाई आवश्यकताका आधारमा अन्य कार्यालयहरुमा समेत विस्तार गरिनेछ ।

१२१. विद्यमान दरबन्दी संरचनालाई **"संगठन तथा व्यवस्थापन सर्वेक्षण राष्ट्रिय मापदण्ड, २०८२"** अनुरुप यस पालिकाको आवश्यकता अनुसार परिमार्जित संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।

१२२. आगामी वर्ष गाउँपालिकाको प्रशासकीय भवनमा **"पुस्तकालय सञ्चालन"**मा ल्याइनेछ ।

१२३. संघीय सरकारले पेश गरेको बजेट व्यवस्था अनुसार नै हुने गरी स्थायी कर्मचारीको हकमा महंगी भत्तालाई निरन्तरता दिँदै हालको आधारभूत तलबमानमा १० प्रतिशत वृद्धि गरी नयाँ तलबमानको १० प्रतिशत मासिक प्रोत्साहन भत्ताको व्यवस्था गरेको छु । यसबाट हाल खाईपाई आएको पारिश्रमिकमा खुद २१ प्रतिशत वृद्धि हुनेछ । साथै करारमा कार्यरत कर्मचारी र लागत साझेदारीमा कार्यरत कर्मचारीको हकमा आधारभूत तलबमानमा १० प्रतिशतले वृद्धि गरेको छु । यसका अतिरिक्त करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरी कार्यालयले नियमानुसार रकम जम्मा गरिदिने प्रबन्ध गरेको छु ।

१२४. उच्च कार्यचाप भएको महसुस गरी वडा कार्यालयमा कार्यरत वडा सचिव र तोकिएका कर्मचारीलाई मासिक रुपमा कार्यसम्पादन विशेष भत्ता दिने व्यवस्था गरेको छु ।

१२५. **"उपभोक्ता समितिको अनुशिक्षण कार्यक्रम"** र **"वित्तीय साक्षरता कार्यक्रम"** सञ्चालन गरिनेछ ।

१२६. **"गाउँपालिकाको १० वर्षे विकास चित्र (२०७४-८४) निर्माण"**का लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१२७. कालोबजारी नियन्त्रण र गुणस्तरीयता कायम गर्न नियमित तथा आकस्मिक बजार अनुगमनलाई ८ वटै वडाका सबै क्षेत्रमा प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

१२८. विगतका आर्थिक वर्षहरुमा कायम न्यून बेरुजुलाई शून्यतर्फ उन्मुख गराउन नियमित अनुगमन, सम्बन्धित पक्षलाई पत्राचार र छलफल गराई बेरुजु फछ्र्यौट अभियान सञ्चालन गरिनेछ ।

१२९. गाउँपालिकाको विभिन्न विषयगत क्षेत्रको कार्यक्रम र प्रगतीबारे लेख लेखन, अडियो, भिडियो निर्माण र प्रचार सामग्री निर्माण गर्न रु. ५ लाख विनियोजन गरेको छु ।

१३०. गाउँपालिकाबाट सम्पादन हुने कार्यक्रमलाई वेबसाईट तथा सामाजिक सञ्जाल मार्फत निरन्तर प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिई सेवा प्रवाहलाई सूचना प्रविधियुक्त बनाइनेछ ।

१३१. **"कृत्रिम बुद्धिमता (AI)"** लगायत उदीयमान डिजिटल प्रविधीको बढ्दो विस्तारलाई अनुसरण गर्दै सेवा प्रवाहमा नवप्रवर्तन र अभ्यासको प्रवर्द्धन गर्न **"नवप्रवर्तन र अनुसन्धान सम्बन्धी कार्यक्रम"**को लागि रु. ५ लाख विनियोजन गरेको छु ।

**सार्वजनिक सेवा प्रवाहका लागि जम्मा रु. ११ करोड २८ लाख ३० हजार विनियोजन गरेको छु ।**

**कानून तथा न्याय**

१३२. संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरे अनुरुप स्थानीय सरकारबाट सम्पादन हुने कानूनी तथा न्यायिक कार्यसम्पादनलाई छिटो, सरल र सहज पहुँच र नागरिकमैत्री बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।

१३३. विवाद निरुपणलाई सुरक्षित र प्रभावकारी बनाउन **"स्थानीय न्यायिक इजलास कक्ष निर्माण"** गर्नका लागि रु. १० लाख विनियोजन गरेको छु ।

१३४. स्थानीयमा मानव अधिकारसम्बन्धी चेतना अभिवृद्धि गर्ने, अधिकारको संरक्षण र सम्मान सुनिश्चित गर्ने र मानव अधिकारमैत्री समाज निर्माण गर्ने उद्देश्यले **"मानव अधिकार प्रवर्द्धन कार्यक्रम"** सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१३५. न्यायिक प्रक्रियाबारे स्थानीयलाई सुसूचित गर्न, न्यायिक प्रक्रियालाई सरल बनाउन, अभिलेखीकरणलाई चुस्त राख्न र विवादलाई घटनास्थलमै मेलमिलाप गराउन मेलमिलापकर्ताहरुको ज्ञान, सीप र दक्षताको विकास गर्न मेलमिलापकर्ता क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । जसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१३६. ८ वटै वडामा आवश्यक सङ्ख्यामा मेलमिलापकर्ताहरुको व्यवस्था गर्न योग्यताप्राप्त इच्छुक स्थानीयलाई मेलमिलापकर्ता सम्बन्धी ४८ घण्टाको आधारभूत तालिम सञ्चालन गर्न रु. ६ लाख विनियोजन गरेको छु ।

**कानून तथा न्यायका लागि जम्मा रु. २० लाख विनियोजन गरेको छु ।**

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

१३७. विपद् व्यवस्थापन पूर्व तयारी, उद्धार, राहत र पुननिर्माण तथा पुनर्स्थापनाका लागि मजबुद विपद् व्यवस्थापन कोषको व्यवस्था गरिएको छ ।

१३८. सबै वडामा आवश्यक हेलिप्याड निर्माणका लागि प्रबन्ध मिलाएको छु ।

१३९. वडा नं. ८ कुइनेमंगले स्वास्थ्य चौकी र रितुङ्ग मा.वि. विद्यालय तटबन्धन निर्माणका लागि १ करोड ५० लाख बजेटको व्यवस्था गरिएको छ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापनका लागि जम्मा रु. ११ लाख विनियोजन गरेको छु। आगामी आर्थिक वर्ष २०८३।८४ को बजेट तथा कार्यक्रमहरुलाई विस्तृत रुपमा अनुसूची ४, ५ र ६ मा प्रस्ताव गरेको छु ।**

**सभा अध्यक्ष महोदय,**

म आर्थिक वर्ष २०८३।८४ को बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि **राजश्व परिचालन**मा देहाय बमोजिम व्यवस्था गरेको छु ।

क. रघुगंगा गाउँपालिकाबाट स्वीकृत आर्थिक ऐनले व्यवस्था गरे बमोजिम राजश्व असुली प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

ख. आगामी आ.व.को पहिलो त्रैमासिक (साउन, भदौ, असोज) भित्र सबै प्रकारका वक्यौता (पेशा, व्यवसाय, संघ संस्था, फर्म, उद्योग दर्ता नविकरण र बहाल कर) तिर्न बुझाउन आएमा लाग्ने जरिवाना शुल्कमा शत प्रतिशत मिनाहाको व्यवस्था गरेको छु ।

ग. **घरजग्गा बहाल करमा कटौतीः** करदातामा करको बोझ घटाउन, स्थानीय व्यापार व्यवसायलाई थप प्रोत्साहन गर्न र व्यावसायीहरुको सञ्चालन लागत न्यूनीकरण गर्न गाउँपालिका क्षेत्रभित्र लाग्दै आएको घरजग्गा **बहाल करमा ५० प्रतिशत**ले कटौती गरेको छु ।

घ. **व्यवसाय दर्ता तथा नविकरण शिविर सञ्चालनः** सबै व्यवसायी, उद्यमी र कृषकहरुलाई करको दायरामा ल्याउन तथा उनीहरुको व्यवसाय दर्ता तथा नविकरण समय र लागत बचत गर्न ८ वटै वडामा व्यवसाय दर्ता शिविर सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

ङ. संघीय सरकारको नीतिअनुरुप आन्तरिक राजश्व कार्यालयबाट प्रदान हुँदै आएको स्थायी लेखा नम्बर (PAN), व्यवसाय स्थायी लेखा नम्बर दर्ता तथा खारेजी र करचुक्ता प्रमाणपत्र पालिकाबाटै प्रदान गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

च. **डिजिटल कर प्रणाली**: गाउँ कार्यपालिकाको कार्यालय र आठै वडा कार्यालयबाट लिइने सबै प्रकारका कर, दस्तुर र शुल्क नागरिकले घरमै बसेर ई-सेवा, खल्ती र कनेक्ट आईपिएस जस्ता सुरक्षित डिजिटल माध्यमको प्रयोग गरी क्यूआर कोड (QR Code) बाट सिधै पालिकाको राजश्व खातामा दाखिला गर्न सक्ने व्यवस्था

मिलाएको छु । यस व्यवस्थाले कर तिर्न लाइन बस्नुपर्ने र बैंक धाउनुपर्ने बाध्यताको अन्त्य हुनेछ ।

छ. यसअघि कृषि तथा पशुपालन व्यवसायका नाममा लाग्दै आएको थप एवम् छुट्टै शुल्कलाई एकिकृत रुपमा कृषि र पशुपालन व्यवसाय दर्ता गर्दा लाग्ने न्यूनतम दर अनुरुप नै समायोजन गरेको छु ।

ज. **दुरसञ्चार र प्रविधि पूर्वाधार सूचीकरण शुल्कः** पालिका क्षेत्रभित्र टेलिकमका टावरहरु राख्ने दुरसञ्चार कम्पनीहरु (NTC, Ncell) र इन्टरनेट सेवा प्रदायकहरुको सूचीकरण तथा वार्षिक नविकरण गर्नुपर्ने व्यवस्था गरेको छु ।

झ. पालिका र वडाबाट छुट्टाछुट्टै रुपमा लिइँदै आएको प्रमाणीकरण दस्तुर वडा कार्यालयबाटै लिने व्यवस्था गरेको छु ।

ञ. गरिब र विपन्न नागरिलाई सबै सिफारिस दस्तुरमा २५ प्रतिशत छुट दिने व्यवस्था गरेको छु ।

ट. अचल सम्पत्ती मूल्याङ्कन र आयस्रोत प्रमाणित सेवा शुल्कलाई क्रमशः २५ प्रतिशत र ३३.३३ प्रतिशतले घटाइएको छ ।

ठ. तीनपाङ्ग्रे सवारी (अटो, रिक्सा), राइड शेयरिङ (दुई पाङ्ग्रे, चार पाङ्ग्रे) को दर्ता तथा नविकरण गर्ने व्यवस्था मिलाएको छु ।

ड. मेला महोत्सवमा सञ्चालन गरिने व्यवसायका लागि पटके व्यवसाय कर बापत रु. १५,००० अग्रिम रुपमा लिने व्यवस्था गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

**बजेटमा उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।**

१४०. नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानतर्फ रु. ९ करोड ३१ लाख, सङ्घीय सरकार सशर्त अनुदान तर्फ रु. २२ करोड ७४ लाख, सङ्घीय सरकार

विशेष अनुदान तर्फ रु. १ करोड ५० लाख र सङ्घीय सरकार समपुरक अनुदान तर्फ रु. ७० लाख गरी रु. ३४ करोड ३५ लाखको संघीय अन्तरसरकारी हस्तान्तरण अन्तर्गतको बजेट प्राप्त हुने अनुमान गरिएको छ । गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान तर्फ रु. १ करोड १ लाख ७ हजार, समपुरक अनुदानतर्फ रु. ६० लाख, विशेष अनुदानतर्फ रु. ३९ लाख ९८ हजार गरी जम्मा रु. २ करोड १ लाख ५ हजारको प्रदेश अन्तरसरकारी हस्तान्तरणको बजेट प्राप्त हुने अनुमान गरिएको छ । सङ्घीय सरकारको राजश्व बाँडफाँडतर्फ रु. १० करोड ६२ लाख ७७ हजार, प्रदेश राजश्व बाँडफाँड (सवारी साधन कर) तर्फ रु. १ करोड ५ लाख ३३ हजार, आगामी आर्थिक वर्षका लागि आन्तरिक राजश्व तर्फ रु. १ करोड ५ लाखको बजेट अनुमान गरिएको छ भने यस आर्थिक वर्षमा खर्च नभई बाँकी रहने रकम रु. ७ करोड ७६ लाख अनुमान गरी आन्तरिक आयतर्फ जम्मा रु. ८ करोड ८१ लाख अनुमान गरिएको छ । सङ्घीय सरकार, गण्डकी प्रदेश सरकार, राजश्व बाँडफाँड र आन्तरिक राजश्व (आगामी आर्थिक वर्षको अनुमान र चालु आर्थिक वर्षमा खर्च नभई बाँकी रहने रकम) समेत गरी जम्मा रु. ५६ करोड ४ लाख २० हजार ७ सय कुल आय प्रक्षेपण गरी सोहि बमोजिम व्ययको अनुमान गरेको छु । जसको विस्तृत विवरण अनुसूची -३ मा उल्लेख गरेको छु ।

१४१. यो बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने नागरिक, गाउँपालिका अध्यक्ष, गाउँसभाका सदस्यहरू, विभिन्न राजनीतिक दल, निजी क्षेत्र, सहकारी क्षेत्र र विद्वत वर्ग, नागरिक समाज तथा पत्रकार जगतबाट प्राप्त सुझाव, सहयोग र सल्लाहप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

१४२. यस बजेट वक्तव्यको मस्यौदा तयारीमा जुट्नुहुने प्रमुख प्रशासकीय अधिकृत लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रति धन्यवाद व्यक्त गर्दछु ।

१४३. प्रस्तुत बजेटको सफल कार्यान्वयनमा सम्बद्ध सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु । साथै मुलुक भित्र र बाहिर रहनु भएका सबै रघुगंगाबासीलाई **<u>"समृद्ध रघुगंगा, सुखी रघुगंगाबासी"</u>** निर्माणको हाम्रो अभियानमा सहभागी हुन आव्हान गर्दछु।

धन्यवाद !

**प्रेम कुमारी पुन**

**उपाध्यक्ष**

**मितिः २०८३।०३।०४ गते, बिहीवार**